मिति २०७९।०९।१४ गते बिहिबारका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तम बहादुर पौडेल ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफलगरि तपसिल बमोजिमका निर्णय गरियो ।

| क स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तम बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री ज्ञानेन्द्र राज ओली | वडा नं २ अध्यक्ष | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का सन्तोष | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौंवा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | हरि बहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | |
|---|---|---|---|
| १ | बालानन्द पौडेल | | |
| २ | लोकेन्द्र ... | | |

प्रस्तावहरु :

१. पहिलो बैठकको समिक्षा गर्ने सम्बन्धमा ।
२. गाउँ सभाको मिति तय गर्ने सम्बन्धमा ।
३. गर्भवती महिलाको पोषण खाद्य सुरक्षा सम्वन्धि Calcium Tab वितरण सम्बन्धमा ।
४. माघी पर्वको लागि स्थानीय बिदा दिने सम्बन्धमा ।
५. विषयगत समितिको मासिक बैठक बस्ने सम्बन्धमा ।
६. पालिका अन्तरगत सबै वडामा थुपारी राखेको अवैध नदीजन्य पदार्थ सम्बन्धमा ।
७. पिप्रहवा घाट र झगडिया घाटको सिमा निर्धारण गर्ने सम्बन्धमा ।
८. "घ" वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।
९. कानुनी परामर्श कर्तालाई सेवा करार गर्ने सम्बन्धमा ।
१०. भुक्तानी हुन बाँकि रहेका फाईल र योजना सम्बन्धमा ।
११. फलफुल शिर्षकबाट गहुंको बिउ खरिद गर्न रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १ मा छलफल गर्दा यो भन्दा पहिलो पटक बसेको बैठकको निर्णय सम्बन्धमा कार्यन्वयन भए नभएको र प्रभावकारिताको बारेमा समिक्षा गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस पालिकाको हिउदे गाउँ सभा मिति २०७९/०९/२८ गतेका दिन सञ्चालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ मा छलफल गर्दा गर्भवती महिलाको पोषण सुरक्षाको लागि पालिका भित्रका सबै गर्भवती महिलाहरुलाई (Calcium Tab.) नियमानुसार खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा माघी पर्वको सम्बन्धमा स्थानिय बिदा मिति २०७९/१०/०१/ गते देखि ३ गते सम्म गरी जम्मा ३ दिन सार्वजनिक बिदा दिने निर्णय गरियो।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस पालिका अन्तरगत सबै विषयगत समितिको मासिक रुपमा बैठक बसी प्रतिवेदन पेश गर्ने निर्णय ~~गर्ने~~ गरियो।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस पालिका अन्तरगतका बिभिन्न वडाहरुमा थुपारि राखिएका अवैध नदिजन्य पदार्थ जस्तै: ढुङ्गा, गिट्टी, बालुवालाई यस पालिकाबाट अनुगमन गरी प्राविधिकबाट नापजाँच गराई आवश्यक प्रकृया पुर्याई बिक्री गरी राजश्व संकलन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा पिप्रहवा घाट र झगडिया घाटको सिमा निर्धारण वडा अध्यक्षको रोहवरमा गर्ने भनि निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा ग्रिष्म कन्सट्रक्सन प्रा.ली.का प्रोप्राईटर मोहन प्रसाद कडेलले दिएको निवेदन तथा अन्य कागजात अनुसार आवश्यक कागजात पुर्याई लाग्ने राजश्व लिई नियमानुसार "घ" वर्गको ईजाजत पत्र दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस गाउँपालिका भित्रका विभिन्न किसिमका नीति, कानून, ऐन र कार्यविधि निर्माण र संशोधनका लागी वरिष्ठ अधिवक्ता श्री लोक बहादुर शाहलाई केहि समयका लागि सेवा करार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० मा छलफल गर्दा भुक्तानी हुन बाँकी रहेका सम्पुर्ण योजनाका फाईलहरुलाई आवश्यक प्रकृया पुर्याई नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ११ मा छलफल गर्दा फलफुल शिर्षकबाटको बजेटबाट गहुको बिऊ खरिद गरि वितरण गरिएकोले आउंदो हिउदे अधिवेशनबाट बजेट शिर्षक संशोधन गरी गहुंको बिऊ खरिदमा रकमान्तर गर्ने निर्णय गरियो ।

२०७९/०९/१४